नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
पो.ब.नं.४०७
लाजिम्पाट, काठमाडौं

पत्र संख्या: १-०१-१८-२०८१/०८२
चा.न.सं. :

मिति: २०८२ आषाढ ०५ गते
नेपाल सम्बत् : ११४५

## प्रेस विज्ञप्ती-३८

### "मितेरी सहकारीसंस्था तथा संचालकहरुको करोडौं रकम ठगी गरी फरार रहेका प्रतिवादी कम्बोडियाबाट पक्राउ"

❖ **घटनाको छोटकरी व्यहोरा:** मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १४४ जना बचतकर्ताहरु र सञ्चालकहरुको समेत गरी १४ करोड भन्दा बढी रकम ठगी गरेको अनुसन्धानरत मुद्दामा फरार प्रतिवादी ज्योती गुरूङ मार्फत सहकारीको करोडौं रकम ठगी गरी लामो समयसम्म विदेशमा फरार रहेका प्रतिवादी ज्योती बहादुर भण्डारीलाई नेपाल प्रहरी प्रधान कार्यालयबाट खटिएको प्रहरी टोलि मार्फत नेपाल ल्याई यस ब्यूरोको हिरासतमा राखि थप अनुसन्धान भईरहेको।

❖ **पक्राउस्थान:-** Cambodia

❖ **RED Notice जारी भएको मिति:-** सन् २०२४ अक्टोबर २९ (तद् अनुसार मिति २०८१ कार्तिक १३)

❖ **नेपाल ल्याईएको मिति:-** मिति २०८२/०३/०४ गते

❖ **कसूर:**" मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २१ को दफा २४९ ठगी सम्बन्धी कसूर र परिच्छेद २५ को दफा २७६ कीर्ते गर्न नहुने कसूर।

❖ **पक्राउ प्रतिवादीको विवरण:**

| सि. नं. | नाम | उमेर | लिङ्ग | ठेगाना | फोटो |
|---|---|---|---|---|---|
| १. | ज्योती बहादुर भण्डारी | ४२ | पुरुष | जिल्ला बर्दिया साबिक मोतिपुर गा.वि.स. वडा नं. ६ परिवर्तित बाँसगढी न.पा. वडा नं ०७ |  |

❖ **अनुसन्धानको क्रममा पक्राउ प्रतिवादी ज्योती बहादुर भण्डारीको सम्बन्धमा हालसम्म खुलेका तथ्यहरू:**

- मितेरी सहकारीका महाप्रबन्धक ज्योती गुरुङले आफूले सहकारीबाट अपचलन गरेको करोडौँ रकम थाईल्याण्डमा बसोबास गर्ने ज्योती बहादुर भण्डारीले चलाएको र निजले फिर्ता गराईदिने भनि WhatsApp मार्फत सहकारीका पदाधिकारीहरु र ज्योती बहादुर भण्डारी बिच सम्पर्क गराएको,
- ज्योती बहादुर भण्डारीले मितेरी सहकारी संस्थाका सचिव कृष्ण बहादुर रानाको Global IME Bank, ईन्द्रचोक शाखामा रु.३३ करोड ११ लाख रुपैया पार्सल गरी पठाएको छु भनि WhatsApp मार्फत टोकनको फोटो पठाएको,
- निज प्रतिवादीले विदेशबाट आएको पार्सल रकम लिनको लागि कमिसन तिर्नु पर्छ भनी विभिन्न नम्बर र नामबाट सहकारी संस्थाका पदाधिकारीहरुसँग सम्पर्क गरी सहकारी संस्थाका पदाधिकारीहरुको व्यक्तिगत रकम थप रु. ३,४४,७४,३२०।- ठगी गरेको,
- ज्योती बहादुर भण्डारीको नाममा जारी भएको २ वटा राहदानीमा २ वटा फरक फरक नागरिकता नम्बर (राहदानी नं १०५४८६८८, ना.प्र.प.नं. १५८८३/ जन्मस्थान कास्की) र (राहदानी नं. ११३६४६९१, ना.प्र.प.नं १४८०३/ जन्मस्थान बर्दिया) उल्लेख भएको अनुसन्धानबाट खुल्न आएको,
- निज ज्योती बहादुर भण्डारीले अन्य व्यक्तिहरुको राहदानी तथा नागरीकताको विवरण परिवर्तन गरी काल्पनिक व्यक्तिहरुको विवरण राखी सोही कीर्ते गरेको नागरीकता तथा राहदानीलाई स्क्याम गर्न दुरुपयोग गरेको,
- निज प्रतिवादीले फरक फरक नामहरुबाट फेसबुक र WhatsApp चलाई ठगी गर्दै आएको,
- निज ज्योती बहादुर भण्डारी बिरुद्ध जिल्ला प्रहरी परिसर, काठमाडौंमा विभिन्न मितिमा दर्ता भएको ३ वटा ठगी मुद्दामा समेत फरार रहेको देखिएको ।

**पुनश्चः-निज प्रतिवादी ज्योती बहादुर भण्डारीबाट अन्य कोही व्यक्तिहरू ठगीमा पर्नु भएको छ भने यस व्युरोमा सम्पर्क राख्न हुन अनुरोध ।**

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्युरो

**युवराज खड्का**
**(प्रहरी उपरीक्षक)**
**प्रवक्ता एवं सूचना अधिकारी**
सम्पर्क नं.: ९८५१२९१३११